# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

*Website: bhumikasthanmun.gov.np*
*E-mail: bhumikasthanmunicipality@gmail.com*


प.सं.: २०८१/०८२
च.नं.:

मिति : २०८१/०७/२०

बिषय : **कार्यालय बन्द रहने सम्बन्धी सूचना ।**

भूमिकास्थान नगरपालिका वडा नं.६ खिल्जीको उदयठाँटी भन्ने स्थानमा देउसी भैलो सञ्चालन भईरहेको स्थानमा अकस्मात अनियन्त्रित ढंगले गुडेर आएको बसले उपस्थित जनमानसमा ठक्कर दिंदा यस नगरपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक तारा श्रेष्ठ र यस नगरपालिकाको वडा नं.२ ढाकावाङ्ग निवासी बर्ष ७० का रुनी खनालको निधन भएको हृदय विदारक अकल्पनीय दु:खदायी घटनाले सिंगो भूमिकास्थान नगरपालिका परिवार दु:खी, मर्माहित एवं स्तब्ध भएका छौं । दु:खको यस घडीमा उक्त घटनामा परी मृत्यूवरण गर्नुहुने तारा श्रेष्ठ र रुनी खनालको द्विवङ्गत आत्माको बैकुण्ठ बासको कामना गर्दै शोक सन्तप्त परिवारजनहरुमा दु:ख सहन गर्नसक्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दछौं ।

उक्त घटनामा परि घाईते हुनुहुने सम्पूर्णको शीघ्र एवं पूर्ण स्वास्थ्यलाभको कामना गर्दै सम्पूर्ण परिवारजनहरुमा धैर्य धारण गर्नुहुन समेत अनुरोध गर्दछौं ।

साथै निजको निधन प्रति शोक ब्यक्त गर्दै भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नगरपालिकाका सम्पूर्ण वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र शिक्षण संस्था लगायत यस नगरपालिका भित्रका सम्पूर्ण कार्यालय तथा संघ संस्थाहरु मिति २०८१ साल कार्तिक २० गतेका दिन बन्द रहने ब्यहोरा यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

**जगदिश चन्द्र नेपाली**
प्रमुख प्रशासकीय अधिकृत

जगदिश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत